तादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार, नुवाकोट
बागमती प्रदेश
२०७३

# विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८१

विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम तादी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

(१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(२) विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (क), (ख) र (झ) मा संशोधन : विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (क) मा रहेको " रु.२० हजार सम्मको" भन्ने शब्दको सट्टामा" रु ५०,०००।-( **अक्षेरेपी पचास हजार सम्मको**" र कोष सञ्चालन समितिको निर्णय भन्ने वाक्यांशको सट्टा कार्यपालिकाको निर्णय भन्ने वाक्यांश राख्ने तथा ४ दफा को उपदफा (ख) मा रहेको "रु १०,०००।–(दश हजार)" भन्ने शब्दको सट्टा "१५,०००।—(अक्षेपी पन्ध्र हजार रुपैया)"साथै दफा ४ को उपदफा (झ) मा विपन्न नागरिकहरुको लागि सहायता रकम उपलब्ध गराउँदा बैंक खाता नभएका विपन्न नागरिकहरको लागि कार्यालयको कुनै कर्मचारीलाई पेश्की दिई सो मार्फत सहयोग रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने र सो पेश्की लिने कर्मचारिले मासिक रुपमा आर्थिक प्रशासन शाखामा सहायता रकम सम्बन्धित लाभग्राहिहरुलाई भुक्तानी गरेको फाँटवारी पेश गरी पेश्की फछ्यौट गर्ने भन्ने वाक्यांश थप गरिएको छ।

(३) विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ५ को उपदफा (क) ३ मा संशोधन : विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ५ को उपदफा (क) ३ मा रहेको "सामाजिक विकास समितिको संयोजक" भन्ने शब्दको सट्टामा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शव्द राखिएका छन्।

(४) विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (ज) मा संशोधन : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक रुपले विपन्न नागरिकलाई जीवन निर्वाहको लागि रु १०,०००।- **अक्षेपी दश हजार रुपैया)**" सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ भन्ने वाक्यांश थप गरिएको छ।